# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/०४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

यातायात व्यवस्था कार्यालय सवारी, कोशी इटहरी कार्यालयले राजश्व रकम हिनामिना गरेको भन्ने यस आयोगमा पर्न आएको उजुरी उपरको अनुसन्धानको क्रममा आ.व. २०७१/०७२, २०७२/०७३ र २०७३/०७४ फागुन मसान्तसम्मको जाँच अवधिमा हालसम्म संकलित प्रमाणहरुबाट यातायात व्यवस्था कार्यालय, सवारी, कोशी, ईटहरीले रु. ६१,२१,२८,५५५।२० ( एकसठ्ठी करोड एक्काइस लाख अठ्ठाइस हजार पाँच सय पचपन्न रुपैयाँ वीस पैसा ) राजस्व मस्यौट तथा हिनामिना गरेको पाइयो । यातायात व्यवस्था कार्यालय सवारी, कोशी, इटहरीले आ.व. २०७१।०७२ मा रु.६५,७१,१५,८८९।- आ.व. २०७२।७३ मा रु.८४,१९,०४,२४८।- र आ.व. २०७३।७४ को फागुन मसान्त सम्ममा रु. ८४,०७,९७,८२७।- राजस्व आर्जन गरेको देखिन्छ भने सोही अवधि आ.व. २०७१।०७२ मा रु.६१,७७,९६,३२१।-, आ.व. २०७२।७३ मा रु.५७,७०,३२,४५८।३०, र आ.व. २०७३।७४ को फागुन मसान्त सम्ममा रु.५३,२८,६०,६२९।५० मात्र बैंक दाखिला भए गरेको देखिन आएको हुंदा आ.व. २०७१।०७२ मा रु.३,९३,१९,५६८।, आ.व. २०७२।७३ मा रु.२६,४८,७१,७८९।७० र आ.व. २०७३।७४ को फागुन मसान्त सम्ममा रु.३०,७९,३७,१९७।५० घटि राजस्व बैंक दाखिला गरी गराई राजस्व वापतको रु.६१,२१,२८,५५५।२० मस्यौट हिनामिना गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) बमोजिमको कसूर गरेको पुष्टि हुन आए अनुसार कार्यरत कर्मचारी र कार्यरत अवधिअनुसार उप-सचिव रमेश प्रसाद दाहाल उपर विगो रु.१२,३०,३२,२०२।२०, उप-सचिव विष्णु प्रसाद पौडेल उपर विगो रु.२३,७७,५७,३५४।-, उप-सचिव नयराज नेपाल उपर विगो रु.२५,१३,३८,९९९।-, लेखा अधिकृत कुमार बहादुर कट्वाल उपर विगो रु.२,१४,७८,६२३।-, लेखा अधिकृत टिकाराम अधिकारी उपर विगो रु.५७,२५,२७,५७६।२०, लेखापाल सुरेश अधिकारी उपर विगो रु.६१,२१,२८,५५५।२०, लेखापाल देवराज नेपाल उपर विगो रु.४५,६१,९९,७४८।२०, लेखापाल रुद्र प्रसाद दाहाल उपर विगो रु.२१,६३,४७,४५३।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा दफा ३(१) र ३(१) को देहाय (झ) बमोजिमको सजायँ मागदावी लिइ सम्मानित विशेष अदालत काठमाण्डौमा मिति २०७४।०३।०४ मा आरोप-पत्र दायर गरिएको छ ।

सहायक प्रवक्ता एवं सूचना अधिकारी